लेखापरीक्षण प्रतिवेदन

ताजाकोट गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

ताजाकोट गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि

(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य

(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता

(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/555

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
ताजाकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
हुम्ला।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमारहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३ करोड ९० लाख ९२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३० लाख, स्थानीय तह प्रशासकिय भवन निर्माणको रु.३० लाख, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु.६ लाख, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.४ लाख ८ हजारसमेत रु.४ करोड ६१ लाख समावेश गरेको छैन।
२. पालिकाको रु.७० करोड ८३ लाख, ५५ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६८ लाख ९४ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया पेश नभई बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू.२३ लाख ७८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७२ लाख ८४ हजार र नियमित गर्नुपर्ने रु.७२ लाख ३२ हजार रहेको छ। गत वर्षसम्म रु.१८ करोड ५५ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२० करोड २४ लाख ८५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने ताजाकोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरणउपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी ताजाकोट गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३१	७९	१,६८,९४,४०८	०	०	०	०	३१	७९	१,६८,९४,४०८	२३,७८,२६५	७२,३१,८९२	७२,८४,२५१	०	०	१,४५,१६,१४३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
हुम्ला	१८,५५,९१,०००	०	०	१८,५५,९१,०००	०	१,६८,९४,४०८	२०,२४,८५,४०८

(८०६६४५०४३०० - ताजाकोट गाउँपालिका, हुम्ला)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस ताजाकोट गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, १८० वर्ग किलोमिटर क्षत्रफल तथा ६९९५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१८ देखि २०८१ ।५। २० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.७० करोड ८३ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

आय व्यय विवरण							
आ.व २०८०।८१							
ताँजाकोट गाउँपालिका							
सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		५१२३३४७.२	१	चालु खर्च संघ प्रदेश र स्थानीय तह	172609627.8	२६०९२१७१५
	क) नगद	०		२	पूँजीगत खर्च संघ प्रदेश र स्थानीय तह	88312087.2	
	ख) बैंक संचित कोष खाता	५१२३३४६.७२		३	वित्तिय व्यवस्था भुक्तानी		
	ग) विविध खर्च खाता बैंक	०.४९			क) ऋण भुक्तानी		
२	राजस्व (आन्तरिक आय)		४५९३९४४६				
	क) आन्तरिक राजस्व	५१५४८०			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड संघ	४४८७७६४७.४			ग) अन्य भुक्तानी		
	ग) राजस्व बाँडफाँड प्रदेश	५४६३१९		४	लगानी		
३	वित्तिय हस्तान्तरण संघ		१७१६४४७३३		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	६३३१४९३२			शेयर लगानी		
	ख) सशर्त अनुदान चालु	९१३६२०००			अन्य लगानी		
	ग) सशर्त अनुदान पुजीगत	७१०००००					
	घ) वित्तिय समानिकरण फिर्ता संघीय सरकार	१०४१०६८					

	ङ) समपूरक अनुदान	३००२९५६		५	धरौटी फिर्ता	१४६५०००	१४६५०००
	च) विशेष अनुदान	५८२३७७७		६	जनश्रमदान फिर्ता		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		४०९००२५०	७	कोष फिर्ता		
	क) वित्तिय समानीकरण अनुदान	१५६०२५०.		८	मौज्दात		
	ख) सशर्त अनुदान	३९३४००००.			क) बैँक मौज्दात संचित कोष	४००००.	८१९५७१.६
	ग) समपुरक अनुदान	०			ख) आन्तरिक राजस्व खातामा मौज्दात	२३३३८५.	
	घ) विशेष अनुदान	०			ग) विविध खाता बैंक मौज्दात	५४६१८६.५५	
					घ) नगद मौज्दात	०	
		०		९	शसर्त अनुदान फिर्ता	0	0
५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	गत बर्षको बढी अल्या	0	0
६	अन्य		४७३४२७६०	११	जनश्रमदान मौज्दात		
	क) क्षेत्रीय शहरी विकास योजना	0		१२	धरौट मौज्दात	४७४८२२९	४७४८२२९
	ख) सडक बोर्ड नेपाल	१२२४०००		१३	अन्य		४७७८९९००.०७
	ग) पर्यटन बोर्ड नेपाल	०			क) सडक बोर्ड नेपाल	१२२४०००	
	घ) एन एन एस डब्लु ए	0			ख) स्थानीय पूर्वाधार सहयोग साझेदारी कार्यक्रम	४२१४७१३८.०७	
	च) स्थानीय पूर्वाधार सहयोग साझेदारी कार्यक्रम	42623000			ग) वित्तिय समानिकरण संघलाई फिर्ता	१०४१०६८	
	छ) स्वास्थ्य क्षेत्र सुधार	३००००००			घ) प्रदेश सुशासन केद्र आइटीको तलव	३७७६९४	

	कार्यक्रम						
	ज) प्रदेश सुशासन केद्र आइटीको तलव	३९५७६०			ङ्क) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३००००००	
	झ) मोटरसाइकल दुर्घटना विमा	१०००००			अन्तर सरकारी वित्तिय हस्तान्त्रण संघ		४२०९१८१६
७	अन्तर सरकारी वित्तिय हस्तान्त्रण संघ		४२०९१८१६		क) स्थानीय तह प्रशासकीय भवन	३००००००	
	क) स्थानीय तह प्रशासकीय भवन	३००००००			ख) १० शैय्या अपस्पताल कार्यक्रम	०	
	ख) 10 शैय्या अस्पताल पूर्वाधार निर्माण	०			ग) सामाजिक सुरक्षा भत्ता	३९०९१८१६	
	ग) सामाजिक सुरक्षा तथा संरक्षण/ सा.सु. भत्ता	३९०९१८१६			अन्तर सरकारी वित्तिय हस्तान्त्रण प्रदेश		
८	अन्तर सरकारी वित्तिय हस्तान्त्रण प्रदेश		१००८०००		क) आन्तरिक मामिला तथा कानून मन्त्रालय	४०८०००	१००८०००
	क) आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली	४०८०००			ख) सामाजिक विकास मन्त्रालय	६०००००	
	ख) सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश	६०००००			ग) जलस्रोत उर्जा विकास मन्त्रालय		
	ग) जलस्रोत उर्जा विकास मन्त्रालय						
९	विभिन्न कोषतर्फको						

	आय						
१०	जनसहभागिता (नगद)						
११	विषयगत निकायबाट प्राप्त						
१२	धरौटी आय		४७९३८७९				
	क) गत वर्षको मौज्दात	३३१०९६६					
	ख) चालु आवको धरौटी	१४८२९१३					
१३	लगानीको साँवा फिर्ता	०					
१४	अन्य विविध आय	०					
	जम्मा	३५८८४४२३१.६	३५८८४४२३१.६		जम्मा	३५८८४४२३१.६	३५८८४४२३१.६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				**आषाढ महिनाको खर्च**	
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**		
पुँजीगत खर्चतर्फ	८८३१२०८७.२०	९०३७७५.००	२९४८४७०५.००	१६३९५६८२.६०	४१५२७९२४.६०	२९३२३३७४.५०	
प्रतिशत	१००.००	१.०२	३३.३९	१८.५७	४७.०२	३३.२०	

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ८८३१२०८७.२० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ९०३७७५.०० (१.०२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २९४८४७०५ (३३.३९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १६३९५६८२.६० (१८.५७ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ४१५२७९२४.६० (४७.०२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २९३२३३७४.५० (३३.२० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार कुल ४९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	विभिन्न	४९	३६	२	११

पर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२६७५८०००	२२७१९४७०	८.७१
२	पूर्वाधार विकास	७७४३४०००	६७०४००५७	२५.६९
३	सामाजिक विकास	९४६७१०००	८७५५२९५५	३३.५६
४	बातावरण तथा विकास	०	०	०.००
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	९४४२८२४	९३९१८४०	३.६०
६	अन्य कार्यालय सञ्चालन तथाप्रशासनिक	८४७१४४८७	७४२१७३९१	२८.४४
जम्मा		२९३०२०३११	२६०९२१७१३	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३३.५६ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ० प्रतिशत रहेको छ ।

६ खर्च बिश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ५१५४८० राजस्व बाँडफाँड र अनुदानबाट रु २१७५३९०६९ समेत रु २१८०५४५४९ आम्दानी भएकोमा चालु तर्फ रु १७२६०९६२८ र पूँजिगत तर्फ रु ८८३१२०८७ समेत रु २६०९२१७१५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.०२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ३५७३००० खर्च भएको छ जुन आन्तरिक आयको ६९३.१४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.१५ प्रतिशत चालु र ३३.८५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु २९ करोड

३० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **वित्तीय प्रतिवेदनको विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

१०.१ स्थानीय सरकर सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोबारको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पुर्ण आर्थिक कारोबारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत आर्थिक विवरण (म.ले.प.फा.नं. २७०) प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३९०९१८१६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ३००००००, स्थानीय तह प्रशासकीय भवन निर्माणको ३००००००, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु ६००००० र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहित तथा घाइते अपाङ्ग र जनयुद्ध भत्ता ४०८००० समेत गरी रु ४६०९९८१६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१०.२ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ९९४७८१४।९५ मौज्दात रहेकोमा यो वर्ष रु ८४३४३१३.२१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १५१३५०१.७४ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

१०.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्वतः जम्मा (स्थानान्तरण) हुने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा १०१२७९०.८, पुँजीगत खातामा ३५७७६६.१४ , आन्तरिक राजस्व खातामा २१७३८५, आन्तरिक अनुदान खातामा २१५०० रकम मौज्दात रहेको पाइयो।वर्षान्तमा उक्त खाताको रकम सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्दछ ।

१०.४ बैङ्क हिसाब मिलान विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्कमा रु ४९३२१२७.८८ बढी मौज्दात रहेको पाइयो । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	(९०५५९०)	१२५०५०.७४	१०३०६४०.७४
चालु खर्च खाता	२३०१०८.०५	१०१२७९०.८	७८२६८२.७५
पुँजीगत खर्च खाता	१६१२९३.८	३५७७६६.१४	१९६४७२.३४
विविध खर्च खाता	४७६६१८.०१	५४६१६६.०६	६९५४८.०५
विपद व्यवस्थापन खाता	०	०	०.००
स्थानीय विभाज्य कोष	०	०	०.००
कर्मचारी कल्याण कोष खाता	०	०	०.००
धरौटी	४७४८२२९	४२३६९०९	(५११३२०)
ग१.१, आन्तरिक राजस्व खाता	(३१२५२१९)	२१७३८५	३३४२६०४.००
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०.००
आन्तरिक अनुदान	०	२१५००	२१५००.००
जम्मा			४९३२१२७.८८

१०.५ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै आर्थिक कारोबार समावेश गरी छुट्टै एकिकृत आर्थिक विवरण तयार गरी पेश गरेको छ । उक्त दुई विवरणहरुमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ३३०५१०७.२६ , यस वर्षको प्राप्ति रु. ९४०९६१९३.४१ ,यस वर्षको भुक्तानी रु. ९१५७५१४४.५२ र बैङ्क मौज्दात रु ५८२६१५६.०६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	५१२९२०६	२५६२७३७२५.०८	२६०९२१७१४.९९	४८१२१६.०४
एकीकृत आर्थिक विवरणअनुसार	८४३४३१३.२१	३५०३६९९१८.४९	३५२४९६८५९.५१	६३०७३७२.१०
फरक	३३०५१०७.२६	९४०९६१९३.४१	९१५७५१४४.५२	५८२६१५६.०६

११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन

• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको देखिएन

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको पाइएन

• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन

भ्रमण खर्च व्यवस्थापनतर्फ:

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरी राखेको पाइएन

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन

खरिद व्यवस्थापन तर्फ:

• गाउँपालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी भएको पाइएन

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन

• उपभोक्ता समितिलाई दिएको सम्पुर्ण कामको अनुगमन गरेको पाइएन, कतिपय अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको पाइएन

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरेको पाइएन

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राखेको पाइएन

शिक्षातर्फ:

• गाउँपालिकाले विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको देखिएन

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख

अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन

• • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको देखिएन

विविध तर्फ:

• गाउँपालिकाले मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्नुपर्नेमा कतिपय भौचरसंग विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको पाइयो

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको पाइएन

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको देखिएन

म. ले. प. फाराम ८०१ – बेरुजु लगत

म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको पाइएन

१२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१४ **सम्भाव्यता अध्ययन/ डी.पी.आर**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष १ कार्यमा रु १९९८८२५ खर्च गरेको छ । यसरी डी. पी. आर गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययीता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन

। यस्ता सम्भाव्यता अध्ययन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवम कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्याएको छैन । विगत चार आर्थिक वर्षमा गरेको विस्तृत आयोजना प्रतिवेदनको विवरण कार्यालयले उपलब्ध नगराएकोले विष्लेषण गर्न सकिएन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्च सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

१५ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धनमा रु. ३० लाख बजेट विनियोजन गरेकोमा रु. २९,९९,४०० खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । विभिन्न व्यक्तिको सवारी साधन प्रयोग गरे वापत यस शिर्षकबाट खर्च लेखेको छ । यसरी अभिलेख नराखि उल्लेखित खर्च रकम बास्तबिक भए नभएको आश्वस्त हुन सकिएन । इन्धन खर्च लाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने गर्नुपर्दछ ।

१६ **जिन्सी दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा कार्यालयमा खरिद वा हस्तान्त्रणबाट प्राप्त जिन्सी सामान मुल्य समेत जिन्सी खातामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न गोश्वरा भौचर र मितिबाट विभिन्न सामाग्री खरिद गरेकोमा जिन्सी दाखिला गरेको देखिएन । नियमानुसार जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौनंमिति	**खरिद विवरण**	**भुक्तानी पाउने व्यक्ति /फर्म**	**रकमरु**
१८२-०८०/११/३	फ्रिजखरिद	लिलाराजशर्मालाई	२१५८३
२०३-०८०/१०/१०	मर्मतसामग्रीखरिद	विभिन्नव्यक्ति	६८८७०
२४८-०८१/१/४	१वटापाललगाएतविभिन्नस्टेशनरीसामग्रीहरु	विभिन्न व्यक्तिहरु	४३५७०
२४९-०८१/३/४	विभिन्न कार्यालय सामग्रीहरु	हरिप्रसाददेवकोटा	२५९७५
३४६ -०८१/३/	विभिन्न स्टेशनरीसामान	राजिवस्टेशनरी	१७२००
३४७ -०८१/३/६	काठकोप्लङ्ग-२,खाट-२,दराज-२लगायतफर्निचरकासामग्रीहरु	कालिकाफर्निचर	७६१००
३८२ -०८१/३/१६	ल्याकटपखरिद	नारायणखड्का	१०००००
-०८१/३/	गाडीका मर्मत सामग्री	नारायणखड्का	६९०९९
३९८ -०८१/३/१८	विभिन्नमसलन्दसामग्री	सुरेन्द्रजनरलस्टोर	२०००००
३९९ -०८१/३/१९	फोटोकपीपेपर,डायरीलगायतविभिन्नसामग्रीखरिद	विष्णुभक्तजैसी	७१०००
४४३-०८१/३/२३	टायरलगायतकाविभिन्नसामग्री	ट्रेड्रिङ्गजनरलस्टोर	८००००
४५५-०८१/३/२४	विभिन्न सामग्री	भवानीमष्टाकृषिसहकारी र कमल ढकाल	६४०००
८३-०८०/८/२८	रजिष्टर,कार्टेजरफाइललागयतकासामग्री		१३०००
१९७-०८०/११/६	१०००प्रतिनेपालव्याकरणछपाई	डबलबमहतारा	५००००
जम्मा			**९,००,३९७**

प्रमाण पेश नगरेको	९,००,३९७

१७ **ईन्धन सुविधा**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ९ (१), (२) र (३) मा गाउँपालिकाको अध्यक्ष ,उपाध्यक्ष र वडा अध्यक्षलाई सम्बन्धित स्थानीय तहको आन्तरिक आय र राजश्वको अवस्था एवं कार्यबोझ समेतलाई दृष्टिगत गरी सम्बन्धित सभाको निर्णय गरी अनुसूची-१ बमोजिमको इन्धन उपलब्ध गराउने व्यवस्था भए पनि कार्यपालिका सदस्यलाई इन्धन उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था गरिएको देखिदैन् । यसरी गाउँपालिका सदस्यलाई इन्धन उपलब्ध गराउने व्यवस्था नभएको अवस्थामा गाउँपालिकाले यो वर्ष देहाय पालिका सदस्यहरूलाई सवारी ईन्धन वापतको नगद रकम भुक्तानी गरेको पाइएकोले सो असूल गर्नु पर्ने रु

सि.नं	नाम थर	पद	महिना	प्रति महिना लिटर	जम्मा लिटर	ईन्धन दर	रकम
१	नन्द विर चदारा	का.पा.सदस्य	१३	५	६५	२६०	१६९००
२	जगत सार्की	का.पा.सदस्य	१३	५	६५	२६०	१६९००
३	आपसरी कामी	का.पा.सदस्य	१३	५	६५	२६०	१६९००
४	राजदेवी मल्ल	का.पा.सदस्य	१३	५	६५	२६०	१६९००
५	छमका खड्का	का.पा.सदस्य	१३	५	६५	२६०	१६९००
६	आउसी दमाई	का.पा.सदस्य	१३	५	६५	२६०	१६९००
	जम्मा						**१,०१,४००**

असुल गर्नुपर्ने	१,०१,४००

१८ तलवी प्रतिवेदन

कर्णाली प्रदेश निजामती सेवा ऐन २०८०, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालका चालु तर्फ रु रु. १ करोड ६१ लाख १३ हजार र स्वास्थतर्फ रु ६० लाख गरी कुल रु २ करोड २१ लाख १३ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता तथा ग्रेड भुक्तानी भए नभएको एकीन गर्न सकिएन । समयमै तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१९ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।साथै दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले एक जना ईन्जिनियर(छैटौ) र एक जना पशु सहायक सहित विभिन्न पदमा कर्मचारीहरू करारमा राखी चालु आ.व.मा रू.१ करोड ५८ लाख ८ हजार खर्च लेखेको छ । उल्लेखित ऐनमा भएको व्यवस्था पालना गरिनु पर्दछ ।

२० बढी खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९ उपनियम (५) मा खर्च गर्दा खर्चको पुष्ट्याई हुने विल भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने र उपनियम (११) मा सरकारी रकम खर्च गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना तथा हानीनोक्सानी हुन नपाउने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ । अधेरीखोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिले निर्माण कार्यसम्पन्न गरी पेश गरेको रु १८,१८,०००/- को प्राविधिक मुल्याङ्कन भएको अन्तिम विलको पुरै रकम गो.भौ.नं १०।९।१६ बाट भुक्तानी भएको मा उक्त विलको छुट भुक्तानी उल्लेख गरी गो.भौ.नं १६।०८०।१२।२० बाट रु ६,८४,६५६ दोहोरो भुक्तानी गरेको देखिएकोले सो रकम उपभोक्ता समितिबाट असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६,८४,६५६

२१ **नन् फाइलर**

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २६ मा निर्धारित अवधि समाप्त भएको मितिले २५ दिनभित्र कर विवरण अनुसुची १० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायअनुसार आपूर्तकलाई मुल्यअभिवृद्धि कर भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेवसाइटमा पान सर्च गर्दा देहायको अवधिबाट नन्फाईलर रहेको देखियो । यसरी तोकिएको समयमा कर बिवरण पेश नगर्ने नन्फाईलर फर्महरुलाई भुक्तानी भएको मुअकर रु १,७६,६७५ को मुअकर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

ब.उ.शि.नं	गो.भौ.स.र मिति	फर्मको नाम	पा.नं	कर विजक	मूअकर भुक्तानी रु	कैफियत
गा.पा.पूँजिगत	३५-०८०/९/७	सुप्रिम ट्रेड सप्लायर्स, सुर्खेत	६१७५८९८४४	०४९।५०।८०।७।७	१९४२३	२०८० जेठ देखि नन् फाइलर
संघीय पूँजिगत	४४-०८०/११/६	सुप्रिम ट्रेड सप्लायर्स, सुर्खेत	६१७५८९८४४	१०९।११०।१११।८०।१०१५	३३९३८	२०८० जेठ देखि नन् फाइलर
	१४-०८०/८/१०	सुप्रिम ट्रेड सप्लायर्स, सुर्खेत	६१७५८९८४४	४०।४१।४२।४३।४४।४६।३९। ४७।४८।८०।७।२१	१२३३१४	२०८० जेठ देखि नन् फाइलर
	जम्मा				१७६६७५	

२२ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरण समावेश भएको खर्च रकम मध्ये तलब (स्वीकृत दरबन्दी), महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोशाक, सेवा निवृत्त सुविधा र वार्षिक कार्यक्रममा समावेश भएको सम्झौता बमोजिमको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले गतवर्षको भुक्तानी दिन बाँकी दायित्व एकमुष्ठ रुपमा चालु आर्थिक वर्षको बजेटमा विनियोजन गरेको रकमबाट यस वर्ष रु १८४३३१७४ खर्च लेखेकोमा नियमावलीमा उल्लेखित खर्च शिर्षकमा नपर्ने देहायअनुसार खर्च शिर्षकमाहरुमा रु ३५,५३,८०० भुक्तानी गरी खर्च लेखेको छ । यसरी नियमावली विपरित गतवर्षको दायित्व सृजना गरी भुक्तानी गर्न नमिल्ने खर्च शिर्षकमा लेखेका खर्चहरु नियमसम्मत नभएकोले अनियमित भएको रु

ब.उ.शि.नं	गो.भौ.स.र मिति	भुक्तानीको विवरण	भुक्तानी रकम
गा.पा.पूँजिगत	४-०८०/६/३०	गाडी मर्मत खर्च	२५००००
गा.पा.पूँजिगत	५-०८०/६/३०	थर्मस, कार्यालय समान र पानी खरिद	४०००००
गा.पा.पूँजिगत	६-०८०/७/१५	गाडी भाडा	१८००००
गा.पा.पूँजिगत	२३-०८०/८/१९	कार्यलाय सामान र इन्धन	३२५०००
गा.पा.पूँजिगत	२६-०८०/८/१९	खाना खर्च	३०००००
गा.पा.पूँजिगत	४२-०८०/११/३	खाना खर्च	११०००
गा.पा.पूँजिगत	४३-०८०/११/४	रेडियो सन्देश प्रसारण खर्च	५००००
गा.पा.पूँजिगत	७५-०८१/३/२४	कार्यालय सामान खरिद	१०३४००
गा.पा.पूँजिगत	८३-०८१/३/१४	औषधी खरिद	२०००००
गा.पा.चालु तर्फ	४२६-०८१/३/२१	खाजा खानाको विल भुक्तानी	२०००००
गा.पा.चालु तर्फ	विभिन्न	विभिन्न मसलन्द लगायतका प्रशासनिक खर्च	१५३४४००
	जम्मा		३५५३८००

अनियमित भएको	३५,५३,८००

२३ **विल भरपाई**

आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय कारोबारमा आवश्यक विल भरपाई संलग्न नगरी खर्च लेखेको पाइएको ले सो पेश गर्नु पर्ने रु

ब.उ.शि.नं	गो.भौ.स.र मिति	भुक्तानीको विवरण	भुक्तानी रकम	कैफियत
संघीय पूँजिगत	४-०८०/६/२९	गाडी भाडा भुक्तानी	७८१७५	गाडी भाडा सम्झौता र विल भरपाई पेश नभएको
गा.पा.पूँजिगत	४२-०८०/११/३	गत वर्षको दायित्व भुक्तानी	११०००	विल भरपाई पेश नभएको
गा.पा.पूँजिगत	१२-०८०/८/७	चाटा बजार सिचाई कुलोका निर्माण व्यवसायीलाई गत वर्षको भुक्तानी	१४२४१५१	खरिद सम्झौता, रनिङ्ग विल, सक्कल कर विजक र नापी किताब पेश नभएको
जम्मा			१५१,३,३२६	

प्रमाण पेश नगरेको	१५,१३,३२६

२४ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले नुसरकारी रकम खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले अधेरी खोला झोलुङ्गे पुल निर्माण गरे वापत उपभोक्ता समितिलाई गो.भौ. नं १०।९।१६ बाट अन्तिम विलको रु १८,१८,००० भुक्तानी दिएकोमा विद्युतीय भुक्तानी प्रणालीबाट रकम भुक्तानी नभएकोले गो.भौ.नं १२-८७।९।१७ बाट कर बाहेक रु १७,९०,७२० खर्च रिभर्स गरी गो.भौ.नं

१३।०८०।९।१९ बाट उपभोक्ता समितिलाई रु १९,००,००० भुक्तानी गरेकोमा रिभर्स गरेको खर्चको रकम मात्र उपभोक्तालाई भुक्तानी गर्नुपर्नेमा सो भन्दा रु १,०९,२८० बढि भुक्तानी गरेको देखिएकोले सो रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,०९,२८०

२५ **कार्य सञ्चालन कोष तर्फ** (३१-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १९(१)(२क) मा सार्वजनिक निकायले रु. २० हजार भन्दा माथिको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायि लेखा नम्वर प्राप्त गरेका र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट खरिद गर्नु पर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले खरिद भएको जिन्सी मालसामान यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गरी राख्नु पर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । साथै सामान खरिद गर्नुअघि माग फाराम र खरिद आदेश स्वीकृत गरी सामान प्राप्त भएपछि सार्वजनिक सम्पत्ति लेखांकन प्रणाली (पाम) मा जिन्सी आम्दानी बांधी सोको दाखिला रिपोर्ट स्वीकृत गरी श्रेस्तासाथ संलग्न गरी राख्नुपर्दछ । तर पालिकाले विभिन्न मितिका रु. २० हजार भन्दा मुनिका ४० थान (पटक) बिलबाट डायरी, रंगिन खाता, फोटोकपी पेपर , खाम, पाइलट पेन, छाप ग्लु स्टीक लगायत विभिन्न मसलन्द सामानहरु खरिद बापत सुरेन्द्र स्टेशनरी एण्ड जनरल स्टोरलाई रु. ७२००००।– भुक्तानी गरेकोमा कानुनमा उल्लेखित प्रक्रिया पूरा नगरी खरिद कार्य गरी जिन्सीमा आम्दानी समेत नजनाई भुक्तानी गरेको देखिएकोले उक्त खरिद अनियमित देखिएको रु.

अनियमित भएको	७,२०,०००

२६ **रनिङ्ग विलको भुक्तानी** (३-२०८१-३-२१):

सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले रनिङ्ग बिल भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको बार्षिक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।गाउंपालिकाले रु. ४२८०००००।– (कन्टिन्जेन्सी बाहेक) लागतको प्रशासकीय भवन निर्माण कार्य २०८० आषाढ मसान्त भित्र कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायी धुलिखेल निर्माण सेवासंग २०७८।३।२० मा खरिद सम्झौता भएको देखिन्छ । गाउँपालिकाले यस बर्ष निर्माण व्यवसायीलाई छैटौं रनिङ्ग विलको मूअकर समेत रु. ३००००००।- भुक्तानी गरेकोमा उक्त विलमा पाचौं रनिङ्ग बिलसम्म भुक्तानी भएको रकम समाबेश गरेको देखिएन । शुरु खरिद सम्झौता अनुसार २०८० अषाढ मसान्तसम्म कार्यसम्पन्न गर्नुपर्ने म्याद रहेकोमा म्याद थप गरेको समेत देखिएन साथै बिल अफ क्वान्टिटी, ठेक्काका सामान्य र बिशेष शर्त समावेश गरी निर्माण व्यवसायीसंग गरेको खरिद सम्झौता पेश नभएकाले छैटौं रनिङ्ग बिलबापत निर्माण व्यबसायीलाई भुक्तानी गरेको रकम बास्तविक भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । अतः उक्त खरिदको बिल अफ क्वान्टिटी, खरिदका सामान्य र बिशेष शर्त र म्याद थप गरेको प्रमाण पेश गरी नियमित गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	३०,००,०००

२७ **अग्रिम कर** (२४५,३३१-):

अग्रिम कर: आयकर ऐन, २०५८ को दफा ८८ मा बैठक भत्ता बापतको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने व्यवस्था छ । वडा नं ४ का वडा सचिव दलबहादुर बोहरालाई वडा समितिको बैठक भत्ता बापत रु. ३०००००।– भुक्तानी गरेकोमा नियमानुसार कट्टी गर्नुपर्ने १५ प्रतिशत अग्रिम कर रु. ४५०००।– दाखिला गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४५,०००

२८ **अग्रिम कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा ऐन अनुसार रु ५२,००८ कर काट्टा गर्नु पर्नेमा रु १८,८२५ कट्टा गरेको देखिएकोले नपुग कर रु ३३,१८३ सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु

ब.उ.शि.नं	गो.भौ.स.र मिति	भुक्तानीको विवरण	भुक्तानी रकम	कर कट्टी रकम	नपुग कर रकम रु
गा.पा.पूँजिगत	**६-०८०/७/१५**	**गाडी भाडा**	**१८००००**	**२७००**	**१५३००**
संघीय पूँजिगत	**१०-०८०/८/७**	**गाडी भाडा**	**२५०००**	**३७५**	**२१२५**
गा.पा.चालु	२३९-०७९।०२।१९	१४औगाउँसभावैठकभत्ता	४२०००	**०**	६३००
गा.पा.चालु	४१८-०८१।०३।२०	वैठक भत्ता वापत वडा नं ५ का वडा सचिव श्री किरण ऐडी	**४८०००**	**०**	७२००
गा.पा.चालु		वैठक भत्ता वापत वडा नं १ का वडा सचिव श्री कर्ण प्रसाद आर्चाय	**१५०००**	**०**	२२५०
जम्मा				**१८८२५**	**३३१८३**

असुल गर्नुपर्ने	३३,१७५

२९ **छात्रबृत्ति**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को बुंदा ४.२ बमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोका आधारमा ईमिस र भर्पाई भन्दा बढी नहुने गरी निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयहरुलाई छात्रबृत्तिको रकम निकासा दिएकोमा ईमिस बढी निकासा दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

सि.नं.	विद्यालयकोनाम	कक्षा	इमिससंख्या	निकासारकम	निकासाहुनुपर्नेरकम	बढी	कैफियत
१	धर्मोदयमावि	६देखि८	दलित३०रछात्रा८६	१४९४००	१४१०००	८४००	निकासाबढी
२	जनप्रकाशमावि	१देखि८	१-५को४४र६-८को६९	१४८३००	१३८०००	१०३००	भर्पाईभन्दाबढी
जम्मा						१८७००	

असुल गर्नुपर्ने	१८,७००

३० **जिन्सी प्रमाण** (४१६-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले खरिद भएको जिन्सी मालसामान यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गरी राख्नु पर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । साथै सामान खरिद गर्नुअघि माग फाराम र खरिद आदेश स्वीकृत गरी सामान प्राप्त भएपछि सार्वजनिक सम्पत्ति लेखांकन प्रणाली (पाम) मा जिन्सी आम्दानी बांधी सोको दाखिला रिपोर्ट स्वीकृत गरी श्रेस्तासाथ संलग्न गरी राख्नुपर्दछ वडा सचिव दलबहादुर फडेराको रु. ७०००००।– पेश्की फर्स्यौट भएकोमा विभिन्न फर्मको १० थान बिलबाट रु. २५७३४५।- खरिद भएका ल्यापटप, कार्पेट, फोटोकपी पेपर लगायतका विभिन्न स्टेशनरी सामानहरु पाममा जिन्सी आम्दानी बांधेको प्रमाण पेश नभएकोले जिन्सीमा आम्दानी बांधेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,५७,३४५

३१ **बढी निकासा**

निकासा दिदां विद्यालयबाट माग भए बमोजिम र कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा उल्लेख भए बमोजिमको तलव, भत्ता र सुविधा बापतको रकम मात्र निकासा दिनु पर्नेमा पालिकाले देहायका विद्यालयका शिक्षकहरुको तलव, भत्ता र सुविधा रकम निकासा

गर्दा संघीय शसर्तबाट निकासा दिन नमिल्ने एवं बढी रकम निकासा गरेको देखिएकोले उक्त रकम सम्वन्धितबाट असुल गर्नु पर्ने रु.

गौ.भौ.नं.	विद्यालययकोनाम	निकासा	विवरण	निकासादिनुपर्ने	दिएको	बढी
३।०८०।६।२५	जनप्रकाशमावि	प्रथमत्रैमासिक	गापाभत्ता	०	३६००	३६००
	मदनादेवमावि	प्रथमत्रैमासिक	प्रअभत्ता	२२६८९०	२३०७२४	३८२४
	कैलाशआवि	प्रथमत्रैमासिक	गापाभत्ता	२०५४२१	२०१८२३	३६००
	रामदेवआवि	प्रथमत्रैमासिक	गापाभत्ता	०	३६००	३६००
	मदनादेवमावि	प्रथमत्रैमासिक	प्रअभत्ता	१५००	२१००	६००
	चन्द्रप्रकाशमावि	प्रथमत्रैमासिक	प्रअभत्ता	१५००	५४००	३९००
४२।०८०।९।१७	जगमालाआवि	दोश्रोत्रैमासिक	दोश्रोत्रैमासिक	१९१२७०	१८६६८२	४५८८
	धर्मोदयमावि	दोश्रोत्रैमासिक	गापाभत्ता	०	४५००	४५००
१५४।०८१।३।१८	जयप्रकाशमावि	चौथोत्रैमासिक	गापाभत्ता	०	३६००	३६००
	कैलाशआवि	दोश्रोत्रैमासिक	गापाभत्ता	०	३६००	३६००
जम्मा						**३५४१०**

असुल गर्नुपर्ने	३५,४१२

३२ **सामाजिक सुरक्षा**

३२.१ **परिचयपत्र नवीकरण :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीमा तोकिएको समय र ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ, यसरी परेको निवेदन लाभग्राही स्वंयम उपस्थित भई निवेदन गरेको भए निजको दस्तखत/सहिछाप रुजु गरी र अन्य (संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति) मार्फत निवेदन पेश गरेको भए निजको सनाखत गराई वडा सचिवले निवेदन रुजु गरी रित पुगेको भए वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टी गरी लाभग्राहीको परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाका वडा सचिवहरुले आर्थिक वर्षको सुरुमा नविकरणको लागि निवेदन आए सोहीअनुसार र बाँकीको हकमा विगत वर्षका सबै लाभग्राहीको एकमुष्टरुपमा नवीकरण गरी प्रणालीमा प्रविष्टि गरेको देखिन्छ । मृत्यु भइसकेका व्यक्तिहरुको समयमै मृत्यु दर्ता नगर्ने तथा एकमुष्ट रुपमा नवीकरण गर्दा मृत्यु भएका व्यक्तिहरुको पनि नविकरण हुने सम्भावना रहेको देखिएकोले यसमा सुधार गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाइनु पर्दछ ।

३२.२ **निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ, साथै बुंदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले सम्वन्धित बैंकबाट विवरण लिई छानविन गरेको छैन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको

वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिहरुको छानविन गरी बढी भुक्तानी भएको देखिएमा सो रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्दछ ।

३२.३ **पारदर्शिता कायम गर्नुपर्ने-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयहरुका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, साथै उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेवसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली वेवसाइटमा राख्नु पर्नेमा राखेको छैन । सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शी बनाउन गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली वेवसाइटमा समेत राख्नु पर्दछ ।

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ११९ जनालाई औसत ७५ दिनले रोजगारी उपलव्ध गराई रु ७५७९००० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। तसर्थ निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३४ **तलब शीर्षकबाट दैनिक भ्रमण भत्ता भुक्तानी**

१८३।०८१।३।२४ र १८४।०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ साथै संघीय सशर्त अनुदान रकम तोकिएको शर्त बमोजिम खर्च गर्नुपर्दछ । गाउँपालिकाले संघीय सशर्त अनुदानको एम आई एस अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्च तथा पोशाक खर्च शीर्षकबाट देहायका कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । तलब शीर्षकबाट दैनिक भ्रमण भत्ता भुक्तानी भएको रकम नियमसम्मत नभएको रु

कर्मचारीको नामथर	पद	दैनिक भ्रमण भत्ता रकम
कुण्डला मल्ल शाही	खरिदार	१००००
कर्ण प्रसाद आचार्य	खरिदार	१५०००
किरण ऐडी	ना.सु.	१५०००
चित्र बहादुर ठाडा मगर	खरिदार	२००००
डिला के.सि.	खरिदार	१५०००
दल बहादुर बोहरा	खरिदार	१५०००
माया कुमारी जैशी	सहायक पाचौ	१००००
राजु वैजी	पोषण सहायक	२००००
विशाल ढकाल	आई टि अधिकृत	२५०००
विर्ख सिंह सुनार	सलेपा	२४०००
जम्मा		**१६९०००**

अनियमित भएको	१,६९,०००

३५ **बेरितको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका निर्माण व्यसायीलाई मु.अ.कर रु ७६१४४२ भुक्तानी भएको छ । यसरी रितपूर्वकको कर बिजक वेगर निर्माण व्यवसासयिले भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

गोभौनं./मिति	**भुक्तानी पाउनेको नाम**	**प्यान नं.**	**कर विजकको अवस्था**	**मुअकर कर रकम रु**
५८।०८१।२।२८	पार्वती किराना सप्लायर्स	१२२९४९७७३	फोटोकपि विल	८६३११
२७।०८१।३।२२	पार्वती किराना सप्लायर्स	१२२९४९७७३	फोटोकपि विल	७८०४०
८।०८०।१२।१८	पार्वती किराना सप्लायर्स	१२२९४९७७३	फोटोकपि विल	१२५४११
१८।०८१।२।९	पार्वती किराना सप्लायर्स	१२२९४९७७३	फोटोकपि विल	४६०१७
१३।०८१।१।९	पार्वती किराना सप्लायर्स	१२२९४९७७३	फोटोकपि विल	६९०२६
१५।०८१।१।१६	पार्वती किराना सप्लायर्स	१२२९४९७७३	फोटोकपि विल	२१८५८४
१८।०८१।२।९	पार्वती किराना सप्लायर्स	१२२९४९७७३	फोटोकपि विल	१३८०५३
	जम्मा			**७६१४४२**

प्रमाण पेश नगरेको	७,६१,४४२

३६ **सेनिटरि प्याड खरिद शीर्षकबाट बैठक भत्ता**

१४६।०८१।३।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ तथा संघीय सशर्त अनुदान रकम तोकिएको शर्त बमोजिम खर्च गर्नुपर्दछ । गाउँपालिकाले संघीय सशर्त अनुदानको स्यानिटरी प्याड खरिद खर्च शीर्षकबाट जनही १२०० का दरले देहायअनुसारको स्यानिटरी प्याड व्यवस्थापन समितिको बैठकको बैठकभत्ता रु ८१६० भुक्तानी गरेको पाईयो । यसरी नियम विपरित भुक्तानी गरेको बैठक भत्ता सम्बन्धितबाट असुल गर्नुपर्ने रु

नामथर	पद	करकट्टि पछिको भुक्तानी रकम
सुरेन्द्र बहादुर थापा	उपाध्यक्ष	१०२०
आउसी दमाई	कार्यपालिका सदस्य	१०२०
रामलाल देवकोटा	जनस्वास्थ्य निरीक्षक	१०२०
जयरुद्र ढकाल	शिक्षा शाखा प्रमुख	१०२०
निर्मला कुमारी शाही	महिला विकास सहायक निरीक्षक	१०२०
अन्जु कुमारी सार्की	स.शि.	१०२०
मनऋषि जैशी	प्र.अ.	१०२०
विष्णुलाल सार्की	जिन्सी शाखा प्रमुख	१०२०
जम्मा		**८१६०**

असुल गर्नुपर्ने	८,१६०

३७ जिल्ला दररेट भन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा मेसिन तथा उपकरणको भाडा निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । हुम्ला जिल्ला दररेट निर्धारण समितिले आकस्मिक कार्य गर्दा २०० सिसि भन्दा माथि क्षमता भएको स्काभेटर डोजरको भाडा प्रति घण्टा रु १५००० र डोजर तथा स्काभेटर द्वारा निर्माण कार्य गराउदा सडक विभागको स्वीकृत नर्म्सको आधारमा दररेट कायम गर्ने निर्णय भएको पाइयो । गाउँपालिकाले देहायको योजनाको निर्माण कार्यमा स्काभेटरको भाडा सडक विभागको स्वीकृत नर्म्सको आधारमा कायम नगरी आकस्मिक कार्य गर्दाको भाडा दर प्रति घण्टा रु १५००० को दरले उपभोक्ता समितिलाई रु १२३९६५६ बढी भुक्तानी गरेको देखिएकोले सो रकम एकिन गरी सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

गो.भौ.	योजनाको नाम	भुक्तानी पाउने	कामको विवरण	कामको परिमाण घन मिटरमा	भुक्तानी भएको दर	भुक्तानी हुनुपर्ने दर	बढी दर	बढ भुक्तानी
९।०८०।९।९	धर्मोदय मावि भवन निर्माण	धर्मोदय मावि	कडा माटो खन्ने	३०१.८	२५०	१०३	१४७	४४३६४
७७।०८१।३।२३	वडा कार्यालय देखी चिही गाउँ सम्म सडक निर्माण	वडा कार्यालय देखी चिही गाउँ सम्म सडक निर्माण उ.स.	कडा माटो खन्ने	३००६	२००	१०३	९७	२९१५८२
७७।०८१।३।२३	वडा कार्यालय देखी चिही गाउँ सम्म सडक निर्माण	वडा कार्यालय देखी चिही गाउँ सम्म सडक निर्माण उ.स.	कडा चट्टान खन्ने काम	२३४.७३	४५००	६५०	३८५०	९०३७१०
	जम्मा							१२३९६५६

असुल गर्नुपर्ने	१२,३९,६५६

३८ स्वीकृत दररेट भन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा दररेट निर्धाण समिति रहने र सो समितिले निर्माण सामग्री, ढुवानी, मेसिन तथा उपकरणको भाडा र कामदारको ज्याला निर्धारण गरे बमोजिम कर्यालयहरुले लागत अनुमान तयार गर्ने र खरिद गर्नुपर्ने व्यवस्था छ । हुम्ला जिल्लाको जिल्ला दररेट निर्धारण समितिले कलमि ओखरको विरुवाको मुल्य ८०० तोकेकोमा गाउँपालिकाले चिनानी कालढुङ्गा ओखर विकास पकेट समितिलाई ३४१ वटा ओखर खरिदको रु ९०० का दरले रु २८२६०० अनुदान दिएको पाइयो । स्वीकृत जिल्ला दररेट भन्दा बढी अनुदान दिएको रकम रु ३४१०० सम्बन्धित समितिबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३४,१००

३९ विल भन्दा बढी भुक्तानी

आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले नयाँ उद्यमि सृजना गर्ने र लघु उद्यम प्रविधि हस्ताणतरण कार्यक्रमबाट गोश्वारा भौचर १६२।०८१।३।१९ बाट रु १४००००, १६०।०८१।३।१९ बाट रु २७०७६५ र १२३।०८१।१।१४ बाट रु ११००० गरी जम्मा रु ४२१७६५ लघु उद्यम सहजकर्ता देवी टमाटालाई भुक्तानी दिएकोमा रु ३८८२८९ को मात्र विल भरपाई संलग्न रहेको पाइयो । विल भन्दा बढी भुक्तानी भएको रकम रु ३३४७६ देवी टमाटा बाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३३,४७६

४० **बढी अनुदान भुक्तानी**

१८१।०८१।३।२४ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुँदा नं. ७.१ मा कृषि उत्पादन सामग्रीहरु बीउ, बेर्ना, विरुवा, माछा भुरा, पशु नश्ल लगायतको अनुदानमा बढीमा ५० प्रतिशत अनुदान दिन पाउने व्यवस्था छ । गाउँपालिकाले बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरताका लागि ४० बाख्रा खरिद खर्च रु ६७५००० को ५० प्रतिशत ले हुने रु ३३७५०० अनुदान दिनुपर्नेमा रु ३७२७५० ना.प्रा.स. मोहन रम्तेललाई सोधभर्ना भुक्तानी दिएको पाइयो । म्यानुअलमा तोकिएको भन्दा बढी अनुदान दिएको रकम रु ३५२५० ना.प्रा.स. मोहन रम्तेलबाटअसुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३५,२५०

४१ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वडातर्फको बाहेक विधितर्फ रु ६६ लाख ६० हजार बजेट विनियोजन गरेकोमा खाना/खाजातर्फ मात्र रु २५,९४,३८१ र अन्यतर्फ रु ३८,४४,८६१ गरी यस आर्थिक वर्षमा रु. ६४ लाख ३९ हजार २४२ खर्च लेखेको छ। विविध खर्च सम्बन्धि सीमा निर्धारण गरी मापदण्ड बनाएर यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४२ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । साथै सो ऐनले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न ११० जना व्यक्ति तथा संस्थालाई रु. १० लाख औषधी उपचारको लागि आर्थिक सहायता दिएको छ ।

४३ **फरक शिर्षकमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाबमोजिम विनियोजन भएको बजेटबाट फरक शीर्षकमा रु २७,८९,०९२ खर्च गरेको पाइयो । यसरी नियमावली बिपरित खर्च शीर्षक फरक पारी खर्च लेख्ने कार्य नियमित नभएको रु

गो.भौ.नं./मिति	विनियोजन भएको खर्चशिर्षक	खर्चको विवरण	रकम
२२-२०८०।६।२८	स्थायीकर्मचारीपारिश्रमिक(२११११)	दैनिक भ्रमण भत्ता र विविध खर्च	२५००००
८-२०८०।६।२५	स्थायीकर्मचारीपारिश्रमिक(२११११)	करारकर्मचारीकोपारिश्रमिकखर्च	३०५०३६
४५५-२०८१।३।२४	अन्यकार्यालयसंचालनखर्च(२२३१९)	दैनिक भ्रमण भत्ता र विविध खर्च	३४८०००
४६४-२०८१।३।२४	अन्यकार्यालयसंचालनखर्च(२२३१९)	दैनिक भ्रमण भत्ता र विविध खर्च	२०३०००
४६९-२०८१।३।२४	अन्यकार्यालयसंचालनतथामसलन्दखर्च	विविध खर्च	३४०००
४३५-२०८१।३।२२	विद्यालयशिक्षककोपारिश्रमिक(२११११)	कार्यालय सामग्री खरिद	३०००००
१५८-०८०/१० /४	भ्रमणखर्च	विविध खर्च	५००००
१५९-०८०/ १०/९	इन्धनखर्च	विविध खर्च	२०००००
२०८-०८०/११ /२७	इन्धनखर्च	भ्रमणखर्च	१९९००
२१७-०८०/८ /१	अन्यभत्ता	विविध खर्च	५०००
२२३-०८०/१२/१८	अनुगमनमूल्याङ्कनखर्च	कार्यालय सामान खरिद	१००००
२३५-०८०/१२/२७	पारिश्रमिकखर्च (२११११)	विविध खर्च	१८००००
२४५-०८१/१/३	पारिश्रमिकखर्च (२११११)	गाडी भाडा खर्च	१५००००
२९१-०८१/१/३१	इन्धनखर्च	मर्मत खर्च	४१०७५
४३०-०८०/ ३/२२	शिक्षकपारिमिक(२११११)	विविध खर्च	२३२४३५
१३०-०८०/९/१७	स्वास्थ्यऔषधीतथाउपकरणखरिद(२७२१३)	विविध खर्च	४२४४६
१५७-०८०/१०/४	इन्धनखर्च-अन्यप्रयोजन(२२३१४)	मालसमान खरिद	२२१२००
३२-०८०/६/३०	मर्मत संम्भार विपद व्यवस्थापन	विविध खर्च	१९७०००
	जम्मा		**२७,८९,०९२**

अनियमित भएको	२७,८९,०९२

४४ **खर्चको पुष्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९ उपनियम (५) मा खर्च गर्दा खर्चको पुष्ट्याई हुने विल भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले खर्चको रीत पगे नपुगेको र प्रमाण कागजात संलग्न रहे नरहेको हेरेर मात्र भुक्तानी दिनुपर्ने प्रावधानहरु रहेका छन् ।पालिकाले देहाय कारोबारमा विल भरपाई नगरी खर्च लेखेको देखिएकाले विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गरिने रु

भौ नं मिति	विवरण	रकम	कैफियत
१०३-०८०//	वडानं५कार्यालयसंचालनखर्चअन्तर्गतनरेन्द्रबहादुरगोदारलाईभक्तानीरु	१५०००	गोश्वारा भौचर मात्र भ
२१२-०८०/१२/२	भ्रमणखर्चवापतभुक्तानीरु	६००००	गोश्वारा भौचर मात्र भ
२४९ -०८१/१/४	विद्यालयव्यवस्थापनसमितिकाअध्यक्षलाईभ्रमणखर्चवापतभुक्तानीरु	२५०००	गोश्वारा भौचर मात्र भ
१३२-	सुरेन्द्रजनरलस्टोरबाटरनिङ्गशिल्डप्रतियोगिताकालागिखरिदगरिएकाबल,नेटलगायतसामग्रीखरिद	१५००००	सम्बन्धितलाईबुझाए
४६३-०८१/३/२४	पशुशाखा कार्यक्रम संचालन वापत श्री देवराज धमलालाई भुक्तानी रु	५००००	खाजा/खानाका विल
२८४-०८१/१/२४	वालाजु अटो वर्क्स प्रा ली लाई गाडी मर्मत वापत भुक्तानी रु	५५१७४१	मर्मत,संम्भार तथा अभिलेख संलग्न नर
	जम्मा	१८००४०४	

प्रमाण पेश नगरेको	८,५१,७४१

४५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

४६ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

४७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

४८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२६०९२१७१४.९९	५१५४८०	०.१९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २५४३१२९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु ५१५४८० अर्थात अनुमान भन्दा ७९.७४ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ताजाकोट गाउँपालिका, हुम्ला , ताँजाकोट गाउँपालिका , हुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजेन्द्र स्याङ्गु	२०८०-१२-२०	हाल सम्म कार्यरत
लेखा प्रमुख	बलभद्र सञ्ज्याल	२०८०-६-१८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,३७८,२६५	७,२३१,८९२	७,२८४,२५१	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,८९४,४०८
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१६,८९४,४०८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८४३४३१३.२१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१७१६४४७३३	चालु खर्च	१७२६०९६२७.२९
प्रदेश सरकारबाट अनुदान	४०९००२५०	पूँजीगत खर्च	८८३१२०८७.२
राजश्व बाँडफाँट	४५३८३९६६.४	वित्तीय/अन्य व्यवस्था	९७०६२९४५.५१
आन्तरिक आय	५१५४८०.०		
अन्य आय	९१९२५४८८.९९		
कुल आय	३५०३६९९१८.३९	कुल खर्च	३५७९८४६६०
बाँकी मौज्दात		८१९५७१.६	

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- पूर्वाधार निर्माण आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरी जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।